# अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ मा संशोधन : अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ग) र (घ) को सट्टा देहायका खण्ड (ग) र (घ) राखिएका छन्:-

"(ग) "आयुक्त" भन्नाले आयोगको आयुक्त सम्झनु पर्छ र सो शब्दले आयोगको प्रमुख आयुक्तलाई समेत जनाउँछ ।

(घ) "सार्वजनिक पद धारण गरेको व्यक्ति" भन्नाले देहायका व्यक्ति सम्झनु पर्छ:-

(१) संविधान, अन्य प्रचलित कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय, आदेश वा सम्झौता बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कर्तव्य पालना गर्नु पर्ने वा दायित्व निर्वाह गर्नु पर्ने पदमा बहाल रहेको व्यक्ति,

(२) विधायिकी, कार्यकारिणी वा प्रशासनिक पदमा पारिश्रमिक पाउने वा नपाउने गरी स्थायी वा अस्थायी वा अन्य कुनै किसिमले नियुक्त, मनोनित वा निर्वाचित भएको व्यक्ति,

(३) कुनै सरकारी कोषबाट पारिश्रमिक वा अन्य कुनै आर्थिक सुविधा प्राप्त गर्ने गरी नियुक्त, मनोनित वा निर्वाचित भएको व्यक्ति,

(४) सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेको व्यक्ति,

(५) प्रचलित कानून बमोजिम सार्वजनिक पद मानिने अन्य कुनै पदमा बहाल रहेको व्यक्ति ।"

(२) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ:-

"(घ१) "अन्य व्यक्ति" भन्नाले सार्वजनिक पद धारण गरेको व्यक्तिसँग भ्रष्टाचारजन्य क्रियाकलापमा संलग्न व्यक्ति वा कानूनी व्यक्ति सम्झनु पर्छ ।"

(३) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ:-

"(ङ) "सार्वजनिक संस्था" भन्नाले देहायको संस्था सम्झनु पर्छः-

(१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका सरकारी निकाय,

(२) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा प्रचलित कानून बमोजिम स्थापित आयोग, समिति, संस्थान, प्राधिकरण, निगम, कम्पनी, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद्, बैंक, मेडिकल कलेज र सोसँग सम्बद्ध अस्पताल वा यस्तै प्रकृतिका अन्य कुनै सङ्गठित संस्था,

(३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहद्वारा सञ्चालित वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र वा यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,

(४) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको ऋण वा अनुदानबाट सञ्चालित वा जमानत प्राप्त संस्था,

(५) उपखण्ड (२), (३) र (४) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको संस्था,

(६) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको अनुमतिले वा सम्झौता अनुसार प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन, उपयोग वा उपभोग वा विकास निर्माण सम्बन्धी काम गर्न गठित उपभोक्ता समिति वा यस्तै प्रकारका अन्य संस्था,

(७) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य कुनै संस्था ।"

(४) खण्ड (छ) झिकिएको छ ।

(५) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-

"(झ) "अख्तियार दुरूपयोग" भन्नाले खण्ड (ज) बमोजिमको कसूर सम्झनु पर्छ र सो शब्दले दफा ३१ग. बमोजिम आयोगले कारबाही गर्ने प्रकृतिको अख्तियारको दुरुपयोग मानिने कार्यलाई समेत जनाउँछ ।"

३. <u>मूल ऐनको दफा ४ मा संशोधन</u> : मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः-

"४. <u>आयोगको अधिकारक्षेत्र</u> : (१) सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अख्तियार दुरुपयोग गरेमा आयोगले त्यस्तो व्यक्ति उपर यो ऐन वा अन्य प्रचलित कानून बमोजिम अनुसन्धान गर्न, गराउन वा निज उपर मुद्दा चलाउन वा तत्सम्बन्धी अन्य कारबाही गर्न सक्नेछ ।

तर,

(क) संविधानको धारा २३९ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोही बमोजिम हुनेछ ।

(ख) सङ्घीय संसद, प्रदेश सभा वा सो अन्तर्गतका समितिको बैठकमा भएको काम कारबाही वा निर्णय वा त्यस्तो बैठकमा कुनै सदस्यले बोलेको वा गरेको कुनै काम कुराको सम्बन्धमा वा नेपाल सरकार, मन्त्रिपरिषद् वा सोको कुनै समितिले वा प्रदेश सरकार, मन्त्रिपरिषद् वा सोको कुनै समितिले गरेको कुनै नीतिगत निर्णय वा अदालतको न्यायिक काम कारवाहीका सम्बन्धमा आयोगबाट यस ऐन अन्तर्गत अनुसन्धान, तहकिकात वा अन्य कुनै कारबाही हुने छैन ।"

४. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छ :-

"१३. भ्रष्टाचार सम्बन्धी उजूरी : भ्रष्टाचारको सम्बन्धमा कसैको उजूरी परी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीको आधारमा आयोगले यस ऐन बमोजिम अनुसन्धान र तहकिकात गर्न वा अन्य कारबाही चलाउन सक्नेछ ।"

५. मूल ऐनमा दफा १३क. थप : मूल ऐनको दफा १३ पछि देहायको दफा १३क. थपिएको छः-

"१३क. सम्बन्धित मिसिल र प्रमाणका लिखत झिकाउने : (१) दफा १३ बमोजिमको उजूरी र उजूरवालाले कुनै प्रमाण पेश गरेको भए त्यस्तो प्रमाणबाट उजूरीमा उल्लेख भए बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको सम्झनु पर्ने मनासिब कारण भएमा आयोगले अवधि तोकी तत्सम्बन्धी मिसिल वा प्रमाणका लिखत सम्बन्धित कार्यालय, पदाधिकारी वा व्यक्तिबाट माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगले माग गरेको मिसिल वा प्रमाणका लिखत सम्बन्धित कार्यालय, पदाधिकारी वा व्यक्तिले आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) यस दफा बमोजिम मिसिल वा प्रमाण झिकाउँदा सार्वजनिक संस्थाबाट प्रचलित कानून बमोजिम सम्पादन भई रहेको वा हुन लागेको विकास निर्माण सम्बन्धी कार्यलाई प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम सम्बन्धित मिसिल वा प्रमाण प्राप्त भएपछि आयोगले यथाशिघ्र अनुसन्धान तहकिकात सम्बन्धी कार्य सम्पन्न गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुसन्धान तहकिकात गर्दा उपदफा (१) बमोजिम भईरहेको वा हुन लागेको कार्यलाई तत्काल रोक्नुपर्ने मनासिव कारण भएमा आयोगले त्यस्तो कार्यलाई रोक लगाउने गरी सम्बन्धित निकाय वा अधिकारीलाई आदेश दिन सक्नेछ ।"

६. मूल ऐनको दफा १५ मा संशोधन : मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-

"१५. सूचना वा जानकारी लिन सक्ने : दफा १४ को उपदफा (१) बमोजिम भ्रष्टाचारको कुनै कसूरको प्रारम्भिक छानबिन गर्दा उजूरी, प्रतिवेदन वा आयोगलाई प्राप्त जानकारी तथ्यपूर्ण देखिएमा आयोगले कसूरको संक्षिप्त विवरण उल्लेख गरी त्यस्तो कसूर गर्ने व्यक्ति र कसूरमा संलग्न अन्य व्यक्तिबाट आवश्यक सूचना वा जानकारी लिन सक्नेछ ।"

७. मूल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) अख्तियार दुरुपयोगको आरोप लागेको व्यक्तिबाट आयोगले सूचना वा जानकारी वा बयान लिईसकेपछि खोजेका बखत हाजिर हुने कागज गराई छाड्न वा तारिखमा राख्न सक्नेछ ।"

(२) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) आयोगले अनुसन्धानको क्रममा सार्वजनिक संस्था वा सार्वजनिक पद धारण गरेको कुनै पदाधिकारीलाई तत्काल कुनै काम वा निर्णय गर्न वा नगर्न वा कुनै लिखत वा अन्य कुनै वस्तु पेश गर्न वा कुनै कुराको जानकारी दिन लेखी पठाएको वा कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित हुन आदेश दिएकोमा आदेश बमोजिम नगर्ने सार्वजनिक संस्था, सार्वजनिक पद धारण गरेको व्यक्ति वा अन्य व्यक्तिलाई आयोगले पाँच हजार रुपैयाँसम्म जरिबाना गरी पूर्व आदेश बमोजिम गर्न आदेश दिन सक्नेछ ।"

(३) उपदफा (६) मा रहेका "विभागीय कारबाही वा" भन्ने शब्दहरु झिकिएका छन् ।

(४) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छ :-

"(७) उपदफा (५) बमोजिम आयोगले जरिबाना गर्ने निर्णय गरेकोमा सम्बन्धित कार्यालयको प्रमुख पदाधिकारी वा सम्बन्धित व्यक्तिले आयोगको आदेश पालना गर्न नसकेको मनासिब कारण उल्लेख गरी त्यस्तो जरिबाना हुनु नपर्ने भनी निवेदन दिएमा र कारण सन्तोषजनक देखिएमा आयोगले त्यस्तो जरिबानाको आदेश रद्द गर्न सक्नेछ ।"

(५) उपदफा (१४) को सट्टा देहायको उपदफा (१४) राखिएको छः-

"(१४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगबाट भ्रष्टाचारको सम्बन्धमा अनुसन्धान गर्दै जाँदा अन्य निकाय वा अधिकारीबाट अनुसन्धान हुनु पर्ने देखिएमा वा भ्रष्टाचार बाहेक अन्य कसूर गरेको देखिएमा आयोगले प्रचलित कानून बमोजिम आवश्यक

कारबाही गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउन सक्नेछ । यसरी आयोगबाट लेखी आएको सम्बन्धमा आवश्यक कारबाही गर्नु सम्बन्धित निकाय वा अधिकारीको कर्तव्य हुनेछ ।त्यस्तो कर्तब्य पालना नगर्ने सम्बन्धित पदाधिकारीलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।"

८. मूल ऐनको दफा २० मा संशोधन : मूल ऐनको दफा २० को उपदफा (१) मा रहेका “अनुचित कार्य वा” भन्ने शब्दहरु झिकिएका छन् ।

९. मूल ऐनमा दफा २०क. २०ख. र २०ग. थप : मूल ऐनको दफा २० पछि देहायका दफा २०क., २०ख. र २०ग. थपिएका छन् :-

"२०क.विद्युतीय वा डिजिटल अभिलेखको सङ्कलन गर्ने : आयोगले भ्रष्टाचारजन्य कसूरमा प्रयोग भएका विद्युतीय अभिलेख वा सूचना सम्बन्धित अधिकारी वा निकाय वा सेवाप्रदायकसँग माग गर्न सक्नेछ र यसरी आयोगले माग गरेका विद्युतीय अभिलेख वा सूचना उपलब्ध गराउनु सम्बन्धित व्यक्ति वा निकायको कर्तब्य हुनेछ ।

२०ख.प्रयोगशाला वा फरेन्सिक इकाई स्थापना र सञ्चालन गर्न सक्ने : (१) भ्रष्टाचारजन्य कसूरको अनुसन्धानको सिलसिलामा सङ्कलन भएका प्रमाणहरुको परीक्षण गर्न आयोगले आवश्यकता अनुसार आफ्नै प्रयोगशाला तथा डिजिटल फरेन्सिक इकाई स्थापना र सञ्चालन गर्न सक्नेछ।

(२) आयोगले भ्रष्टाचारजन्य कसूरको अनुसन्धानको सिलसिलामा सङ्कलन भएका प्रमाणहरुको उपदफा (१) बमोजिम स्थापित प्रयोगशाला वा डिजिटल फरेन्सिक इकाई वा कानून बमोजिम स्थापित अन्य प्रयोगशालाबाट वैज्ञानिक परीक्षण गराउन सक्नेछ । यसरी गरिएको परीक्षणबाट प्राप्त प्रतिवेदन प्रमाणको लागि ग्राह्य हुनेछ ।

२०ग.अनुसन्धान तथा तहकिकात सम्बन्धी विशेष व्यवस्था : (१) आयोगले भ्रष्टाचार सम्बन्धी मुद्दाको छानबिन वा अनुसन्धान गर्दा आवश्यकता अनुसार नियन्त्रित अनुसन्धान प्रविधि (कन्ट्रोल डेलिभरी) वा गुप्त कारबाही अनुसन्धान ( अण्डर कभर अपरेशन) र यस्तै अन्य उपयुक्त अनुसन्धान पद्धति अपनाई प्रमाण सङ्कलन गर्न सक्नेछ ।

(२) आयोगले अनुसन्धान कार्यलाई तथ्यपरक र व्यावहारिक बनाउन वा अनुसन्धान गर्नु पर्ने विषयमा आरोपित व्यक्तिको कार्य प्रकृति समेतका आधारबाट अनुसन्धान सूत्र प्रयोग गर्नु पर्ने देखिएमा आयोगबाट निर्णय भए बमोजिम भ्रष्टाचार सम्बन्धी कसूरको अनुसन्धानको सिलसिलामा सुराकी वा अनुसन्धान सूत्र परिचालन गर्न सक्नेछ । त्यसरी परिचालन गरिएको सुराकी वा अनुसन्धान सूत्रको विवरण गोप्य राखिनेछ ।"

१०. मूल ऐनमा दफा २१ख. थप : मूल ऐनको दफा २१क. पछि देहायको दफा २१ख. थपिएको छः-

“२१ख. सुविधा दिन सकिने : अनुसन्धान कार्यमा संलग्न पदाधिकारी वा कर्मचारीलाई अनुसन्धानको छुट्टै विशिष्टता, जोखिम र अतिरिक्त समय समेतको आधारमा प्रोत्साहन भत्ता दिन सकिनेछ।”

११. <u>मूल ऐनमा दफा २८क. थप</u> : मूल ऐनमा दफा २८ पछि देहायको दफा २८क. थपिएको छः-

"२८क.<u>आयोगलाई कागजात वा विवरण उपलब्ध गराउनु पर्ने</u> : आयोगले संविधानको धारा २३९ को उपधारा (२) मा उल्लिखित व्यक्तिका सम्बन्धमा सो उपधारा बमोजिम अनुसन्धान गर्नुपर्ने भएमा निजसँग सम्बन्धित अभिलेख, कागजात र अनुसन्धानको लागि आवश्यक पर्ने अन्य विवरण सम्बन्धित निकायसँग माग गर्न सक्नेछ र यसरी आयोगले माग गरे बमोजिमका अभिलेख, कागजात र विवरण सम्बन्धित निकायले आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।"

१२. <u>मूल ऐनको दफा २९ मा संशोधन</u> : मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः-

"२९. <u>मुद्दा चलाउने अवधि</u> : (१) भ्रष्टाचारजन्य कसूरमा त्यस्तो कार्य भएको थाहा पाएको मितिले पाँच वर्षभित्र मुद्दा चलाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले निज त्यस्तो पदमा बहाल रहँदाका बखत भ्रष्टाचार गरेको रहेछ र त्यस्तो विषयमा यस ऐन बमोजिम तत्काल कारबाही हुन सक्ने रहेनछ भने निज जुनसुकै व्यहोराबाट अवकाश प्राप्त गरेको भएपनि अवकाश भएको मितिले पाँच वर्षभित्र निज उपर यस ऐन बमोजिम कारबाही गर्न वा मुद्दा चलाउन बाधा पर्ने छैन ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी, सामुदायिक वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा सार्बजनिक सस्थाको स्वामित्व वा नियन्त्रणमा रहेको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा मुद्दा चलाउन त्यस्तो हदम्याद कायम रहने छैन ।

(४) उपदफा (१), (२) र (३) मा उल्लिखित अवस्थामा बाहेक आयोगमा अनुसन्धानका क्रममा रहेका उजूरीमा यो दफा प्रारम्भ भएको मितिले पाँच वर्षभित्र मुद्दा चलाई सक्नु पर्नेछ ।"

१३. <u>मूल ऐनमा दफा ३१ग. थप</u> : मूल ऐनको दफा ३१ख. पछि देहायको दफा ३१ग. थपिएको छः-

"३१ग.<u>आयोगले कारबाही गर्ने</u> : (१) कुनै राष्ट्रसेवकले अख्तियारको दुरुपयोग हुने देहायको कुनै कार्य गरेमा त्यस्तो राष्ट्रसेवकलाई आयोगले उपदफा (२) बमोजिमको कारबाही गर्न सक्नेछः-

(क) कुनै निर्णय वा आदेश गर्दा बाध्यात्मक रुपले अपनाउनु पर्ने कार्यविधिको पालना नगरेमा,

(ख) आफुले गर्नु पर्ने भनी कानूनले तोकेको कुनै काम नगरी अन्य कार्यालय वा अधिकारी समक्ष पठाई उत्तरदायित्व पन्छाएमा,

(ग) सार्वजनिक खरिद कार्य प्रारम्भ गर्नु अघि प्रचलित कानून बमोजिम सम्बन्धित निकायको अनुमति लिने, जग्गा प्राप्त गर्ने, पूर्व तयारीका प्राविधिक परीक्षण गर्ने, वातावरणीय अध्ययन गर्ने, पूर्वाधार स्थानान्तरण गर्ने जस्ता आधारभूत कार्य पुरा नगरी तथा बजेट सुनिश्चितता नभई सार्वजनिक खरिद कार्य सम्बन्धी ठेक्का सम्झौता गरेमा वा गर्न लगाएमा।

(२) उपदफा (१) को प्रयोजनको लागि आयोगले कर्मचारीको हकमा विभागीय कारबाही गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन र कर्मचारी बाहेक सार्वजनिक पदधारण गर्ने अन्य व्यक्तिको हकमा पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आयोगबाट विभागीय कारबाहीको लागि लेखी आएमा सम्बन्धित निकायले त्यस्तो राष्ट्रसेवक कर्मचारीलाई निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम तीन महिनाभित्र विभागीय कारबाही सम्पन्न गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ ।"

१४. मूल ऐनको दफा ३५ मा संशोधन : मूल ऐनको दफा ३५ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

“(२) उपदफा (१) बमोजिम दायर भएको वा आयोग विरुद्ध परेको मुद्दाको बहस, पैरबी तथा प्रतिरक्षा सरकारी वकीलबाट हुनेछ ।”

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

“(३) उपदफा (२) बमोजिम सरकारी वकीलबाट बहस, पैरबी तथा प्रतिरक्षा हुने मुद्दामा आयोगले आवश्यकता अनुसार अन्य कानून व्यवसायी समेत नियुक्त गर्न सक्नेछ ।”

१५. मूल ऐनको दफा ३५ख. मा संशोधन : मूल ऐनको दफा ३५ख. को सट्टा देहायको दफा ३५ख. राखिएको छः-

“३५ख. आयोगले अन्य कार्य गर्न सक्ने : (१) आयोगले भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापना भएका राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थासँग आपसी समन्वय, सम्बन्ध तथा सहयोग अभिवृद्धि गर्न सक्नेछ ।

(२) आयोगले भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले सार्वजनिक क्षेत्रमा स्थापना भएका कुनै विदेशी वा अन्तर्राष्ट्रिय संघ संस्थासँग आवश्यकता अनुसार सूचना आदान प्रदान तथा सहकार्य गर्न सक्नेछ ।

(३) आयोगले भ्रष्टाचार नियन्त्रण गर्ने सन्दर्भमा आवश्यक निरोधात्मक एवम् प्रवर्द्धनात्मक कार्यहरु गर्न सक्नेछ ।”

१६. मूल ऐनमा दफा ३७क. थप : मुल ऐनको दफा ३७ पछि देहायको दफा ३७क. थपिएको छः-

“३७क. निर्देशिका, कार्यविधि, मापदण्ड वा दिग्दर्शन बनाउन सक्ने : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही आयोगले आफ्नो काम कारबाही व्यवस्थित गर्नको लागि आवश्यकता अनुसार निर्देशिका, कार्यविधि, मापदण्ड वा दिग्दर्शन बनाई लागू गर्न सक्नेछ।”

१७. खारेजी : मूल ऐनको दफा ३, ६, ८, ९, १०, ११, १२, १२क., १२ख., १२ग. र ३१क. खारेज गरिएका छन् ।